नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग

फ्याक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४१
निर्देशक प्रशासन: ४२२५१८८
निर्देशक योजना: ४२२६१८८
क.प्र.शाखा: ४२६६४९०
आ.प्र.शाखा: ४२६६४९०
फोन Ext. ४२२००७८

पत्रसंख्या:- ०७३/०७४/ज.प्र. १६१/19039
चलानी नं.:- 2853

बबरमहल,काठमाण्डौं ।

मिति:-२०७४।१।२४

**विषय:- भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्ने सम्बन्धमा ।**

**श्री मालपोत कार्यालय,**
**सबै ।**

सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यनिति २०७१(दोश्रो संसोधन सहित)को दफा २१ को उपदफा २ को प्रतिन्धात्मक वाक्यांश बमोजिम भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्ने सम्बन्धमा यस विभागबाट जारी भएको सुचना मिति २०७४।१।२१ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित भइ सकेकोले उक्त सुचनाको छाँयाप्रति पाना १(एक) यसै साथ सम्लग्न गरी पठाइएको छ । उक्त सुचनाको म्याद भित्र लिजमा परिणत गर्ने निवेदन नदिने व्यक्ति, संस्था वा निकायले प्राप्त गरेको भोगाधिकार सोही कार्यनितीको दफा ८ बमोजिम समाप्त हुने हुँदा सोही बमोजिम कार्यान्वयन गरी गराइ त्यस्ता जग्गाहरु नेपाल सरकारका नाममा यथावत कायम राख्नु हुन आदेशानुसार अनुरोध छ।

(पवनराज कोइराला)
**शाखा अधिकृत**

<u>बोधार्थ</u>

**श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय,**
जग्गा प्रशासन शाखा(सिंहदरबार, काठमाडौं):- संलग्न सुचना तहाँको website मा upload गर्ने व्यवस्था हुन ।

**श्री भूमिसुधार तथा व्यवस्थापन विभाग**
भू-सुचना शाखा (बबरमहल, काठमाडौं):- संलग्न सुचना website मा upload गर्नहुन ।
**सबै शाखाहरु ।**

मुख्य सचिव

मिति ०६८।९।२९ गोरखापत्रमा प्रकाशित सूचना

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभागबाट जारी भएको

## "भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्ने" सम्बन्धी

## अत्यन्त जरूरी सूचना

सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०३५ दोस्रो संशोधन सहित, को दफा २१ को उपदफा २ बमोजिम साविकमा भोगाधिकार प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायले भोगाधिकार प्राप्त जग्गा लिजमा परिणत गर्न आउने सम्बन्धमा ६ महिनाको अवधि तोकी मिति २०७३।२।३१ मा यस विभागबाट प्रकाशित भएको सूचनाको म्याद समाप्त भई सकेको छ । उक्त सूचना बमोजिम भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकाय मध्ये भोगाधिकारमा लिएको जग्गा लिजमा परिणत गर्न सम्बन्धित मालपोत कार्यालयमा निवेदन कतिपयले नदिएको भनी मातहतका कार्यालयहरूबाट लेखी आएकोले उक्त कार्यनीतिको दफा २१ को उपदफा २ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम लिजमा परिणत गर्न लिजमा लिनुपर्ने प्रयोजन र लिज अवधि खुलाई भोगाधिकारको सक्कलै प्रमाणपत्र, प्रत्येक वर्ष नविकरण गरी दस्तुर बुझाएको रसिद तथा सम्बन्धित गा.वि.स./न.पा. बाट भोगाधिकारको जग्गा उद्देश्य अनुरुप प्रयोग गरेको सिफारिस समेत राखी यो सूचना प्रकाशित भएको मितिले ६ महिनाभित्र सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिनु होला । तोकिएको म्याद भित्र लिजमा परिणत गर्न निवेदन नदिएमा सो म्याद समाप्त भए पछि त्यस्तो भोगाधिकार स्वतः समाप्त भएको मानिने छ र भोगाधिकार दिएको जग्गा नेपाल सरकारले भोग वा कब्जा गर्ने प्रावधान उक्त कार्यनीतिको दफा २१ को उपदफा ८ मा भएकोले लिजमा परिणत गर्न निवेदन नदिने व्यक्ति, संस्था वा निकायले प्राप्त गरेको भोगाधिकार समाप्त गरी त्यस्ता जग्गाहरू नेपाल सरकारका नाममा यथावत् कायम राख्न मातहतका सबै मालपोत कार्यालयहरूलाई यसै सूचनाद्वारा सूचित गरिन्छ । यस सम्बन्धी थप जानकारीका लागि सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०३५ दोस्रो संशोधन सहितको हेर्नु हुन वा सम्बन्धित मालपोत कार्यालयमा सम्पर्क गर्नु हुन वा www.dolrm.gov.np वा www.molrm.gov.np मा हेर्नु हुन समेत सम्बन्धित सबैको जानकारीका लागि यसै सूचना मार्फत पुनः अनुरोध गरिएको छ ।

**भूमिसुधार तथा व्यवस्थापन विभाग**
**बबरमहल, काठमाण्डौ ।**